# मुसहर किसोरीहरुको शिक्षामा पहुँचको लागि सहभागितामूलक एथनोग्राफिक कार्य अनुसन्धान

## परिचय

नेपालको सबैभन्दा सीमान्तकृत समूह तथा दलित जातिमा मुसहर एक समुदाय हो। प्रायः सबै मुसहर परिवारहरू (९९%) पूर्ण रूपमा भूमिहीन छन्। नेपाल सरकारले बधुवा मज दु र हरुको लागि पुनर्स्थापना कार्यक्रम शुरु गरेतापनि मुसहर परिवारका सदस्यहरु अझै बधुवा म जदुरको रुपमा कामगर्दै आइरहेका छन्। जहाँ मुसहर समुदायको शिक्षाको अवस्था अत्यन्तै कमजोर रहेको छ, ९३% किसोरीहरुले पढ्न र लेख्न सकिरहेका छैनन्। यस सहभागितामूलक एथनोग्राफिक अनुसन्धान कार्यले किशोरीहरूको शिक्षामा अवरोध उत्पन्न गर्ने जातीय-केन्द्रित तथा सामाजिक संरचनात्मक अवरोधहरू पत्ता लगाउने कार्य गरिएको छ। हामीले मुसहर किशोरीहरूको असुरक्षालाई अन्तरसम्बन्धको दृष्टिकोण बाट हेर्यौं (क्रेनशा, १९८९) जुन अन्तरसम्बन्ध एक नारीवादी ढाँचा हो, जसले मानिसको धैरै रूपहरू बुझ्न मद्दत गर्दछ उनीहरूको लिङ्ग, वर्ग, जाति, जातीय, आय, अपाङगता को आधारमा मानिसहरूले सामना गर्ने दमन,विभिन्न प्रकारका उत्पीडनहरू आदि बुझ्न मद्दत गर्दछ। उदाहरणका लागि, एक मुसहर किशोरी उत्पीडित र सीमान्तकृत हुनुको बहु पहिचान भनेको, किसोरी (लिङ्ग), मुसहर (दलित जातीय पहिचान), वर्ग (गरिब) र आय (कम पारिवारिक आय) हुन्। यी पहिचानहरू जसले एकअर्कासँग अन्तर निहित सम्बन्ध र भेदभाव उत्पन्न गरने काम गरेकोछ। यस अध्ययनको उद्देश्य भनेको सहभागितामूलक एथनोग्राफी अनुसन्धान मार्फत शिक्षाको पहुँचलाई असर गर्ने जातीय-केन्द्रित संरचनात्मक अवरोधहरूको अध्ययन गर्नु थियो। यस अध्ययनले फिल्डमा तथ्याङ्क सङ्क लन नेपालका सुनसरी, सप्तरी, सिरहा, धनुषा र महोत्तरी जिल्लाहरू का १५ वटा मुसहर बस्तिहरु छानिएका थिए। यस अध्ययनको कार्य अवधि अक्टोबर १, २०२१ मा सुरु भएर डिसेम्बर २०२२ मा समाप्त भएको थियो। यस अध्ययनको अवधि समग्रतामा १ वर्ष र ३ महिनाको रहेको थियो, जहाँ ५० महिला मुसहर अनुसन्धानकर्ताहरू र १० प्रमुख मुसहर अनुसन्धानकर्ताहरूलाई १.५ महिना (अर्थात्, २२ जुनदेखि ७ अगस्ट २०२२) को कार्यअवधि दिएको थियो। यो अध्ययन नेशनल इन्स्टिट्युट फर डेभलपमेन्ट एण्ड रिसर्च (NIDR) ले जानकी महिला जागरण समाज (JWAS) मार्फत र टेट्रा टेक इन्टरनेशनल डेभलपमेन्ट (Tetra Tech)को आर्थिक सहयोगमा गरेको हो।

Girls' Education Challenge | UKaid from the British people | TETRA TECH International Development | NIDR National Institute for Development & Research (P.) Ltd. ...managing ideas... | JWAS

## उद्देश्यहरु

यस अध्ययनका मुख्य उद्देश्यहरु भनेका सीमान्तकृत मुसहर किशोरीहरूको लागि विद्यालय शिक्षा सम्बन्धी पहुँचलाई असर गर्ने कारक तत्वहरूको अध्ययन गर्ने ; मुसहर किशोरीहरूको शिक्षाको पहुँचलाई असर गर्ने बाधाहरूको अन्तरसम्बन्ध बुझ्न तथा नीति, योजना र अभ्यासहरू कतिको सान्द र्भिक छन भनि विश्लेषण गर्नु हो ।

## अध्ययन बिधि

यो अध्ययन सहभागितामूलक एथनोग्राफिक अनुसन्धान बिधि मार्फत गरेको हो जस्मा ६० वटा सहभागि अवलोकन (विधालय गएका किसोरी- ३० विधालय कहिल्यै नगएका किसोरी- १५ र विधालय छोडेका किसोरी-१५), ७५ सघन अन्तरवार्ता (विधालय गएका किसोरी- ३० विधालय कहिल्यै नगएका किसोरी-३० र किसोर-१५), २५ समुह छलफल (विधालय गएका किसोरी- ५, विधालय कहिल्यै नगएका किसोरी- ५ र किसोर- ५ तथा अभिभावक- ५ समुह संग) र ४५ प्रमुख जानकार अन्तरवार्ता ( प्रधानाध्यापक- १५ स्थानिय सरकार प्रतिनिधि- १५ तथा मुसहर नेता-१५ ) मार्फत गुणात्मक तथ्याङ्क संकलन गरिएको थियो ।

## अध्ययनका मुख्य निष्कर्षहरू



शिक्षामा किशोरीहरूको पहुँच सीमित हुनुमा आर्थिक कठिनाइहरू बालिकाहरूको व्यक्तिगत चासो तथा शिक्षा प्रतिको प्रतिबधताको कमि मुख्य कारकहरूले हुन् । धैरै कारक मध्ये सबै घरपरिवारहरूले सामना गर्ने आर्थिक कठिनाइ हो । साथै मुसहर समुदायको सामाजिक-आर्थिक अवस्थालाई माथि उकास्न सरकारी स्तरमा प्रतिबद्धता र मुसहर समुदाय केन्द्रित प्रयासहरूको अभाव रहेका छन् ।

**आर्थिक कठिनाइ:** गरिबी मुसहर किशोरीहरूको विद्यालयमा भर्ना हुन नसक्ने र छोड्नुमा घरेलु स्तरको गरिबी सबैभन्दा सामान्य र महत्त्वपूर्ण कारक रहेको छ । अत्यन्त सीमित घरायसी स्रोत र कम आम्दानी, किशोरीहरूको घरेलु कामको बोझ, किशोरीहरूको शिक्षा लाग्ने उच्च अवसर लागत र शिक्षाको अप्रत्यक्ष खर्चका कारण किशोरीहरूको शिक्षामा सम्भावना घटेको छ।

**किशोरीहरूको शिक्षाप्रति आमाबाबुको दृष्टिकोण:** किशोरीहरूले विद्यालय छोडनु वा कहिल्यै विद्यालय नजानुमा परिवारको पढेर के हुन्छ भन्ने कारात्मक सोच महत्त्वपूर्ण कारक छ।

अभिभावकहरूले सामान्यतया शिक्षामा लगानी को र आर्थिक अवसरहरूसँग प्राय तुलना गर्ने र शिक्षामा उच्च लगानि हुने र न्युन प्रतिफल देख्ने हुँदा शिक्षामा लगानी नगर्ने अवस्था रहेको छ। यस सन्दर्भमा, तिनीहरूको कमजोर आर्थिक स्थितिले उनीहरूलाई आफ्नो अधिकांश समय श्रम गर्नमा वित्छ, जसले उनीहरूका लागि तत्काल आय गर्छ र उनीहरूको वर्तमान आवश्यकताहरू पूरा गर्दछ। तसर्थ, आमाबाबुले आफ्ना छोरीको समय भाइबहिनीहरु हेर्ने यात पशुपालन र घरायसी कामहरू जस्तै खाना पकाउने, भाँडा र लुगा धुने पानी ल्याउने, आदि वा श्रमिक काममा खर्च गर्न चाहन्छन्।

**विद्यालय-सम्बन्धित कारकहरू:** विद्यालयहरूले शिक्षामा निरन्तर पहुँच सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्छन्। नेपालको संविधानले प्रत्याभूति गरे बमोजिम आधारभूत तहसम्मको अनिवार्य निःशुल्क शिक्षा र माध्यमिक तहसम्म नि:शुल्क शिक्षाको प्रत्याभूति नेपाल सरकारले गरेको छ । समुदायबाट विद्यालयको दूरी एक प्रमुख कारक थियो। साथै कतिपय अवस्थामा शिक्षकको अपमानजनक व्यवहारले मुसहर किशोरीहरूका लागि अमानवीय अवस्था सिर्जना गर्ने,प्रमुख बाधाको रूपमा हेरिएको थियो । थप रूपमा, उनीहरूका लागि विद्यालयको खराब वातावरणका (साथीहरूबाट बढी दुर्व्यवहार र जातिय अपमान ) कारणहरु धेरै बालिकाहरू विद्यालय छाड्न बाध्य हुन्छन् र कहिल्यै विद्यालय फर्कन सक्दैनन् । विद्यालय स्तरमा अर्को कारक विद्यार्थी-शिक्षकको अन्तरक्रियाको साथमा परम्परागत शिक्षण शैली हो । यसले किशोरीहरूको सिकाइलाई सीमित गर्यो र कतिपय अवस्थामा, उनीहरूलाई विद्यालयको पढाइ जारी राख्न पूर्ण रूपमा निरुत्साहित गर्यो किनभने तिनीहरू अन्य विद्यार्थीहरूको तुलनामा झन् पछि परेका थिए। अन्त्यमा, कक्षाकोठा, बेन्च, टेबुल, शौचालय र खानेपानी जस्ता कमजोर विद्यालय पूर्वाधारले पनि किशोरीहरूको विद्यालयमा पहुँच र उपस्थितिलाई रोकेको छ।

**आर्थिक कठिनाइहरू र संरचनात्मक अवरोधहरूलाई सम्बोधन गर्ने संयन्त्रहरूको नकारात्मक प्रभावहरू:** अनुसन्धानले सामाजिक-सांस्कृतिक मापदण्डहरूको महत्त्वलाई स्वीकार गर्दै पर्याप्त विचार पछि, यस्तो देखिन्छ कि त्यस्ता मापदण्डहरू संरचनात्मक परिस्थिति वा अवस्थाहरूको प्रतिक्रियाको संरचनामा छन् । मुसहरको सन्दर्भमा विशेष गरी किशोरीहरूले जातीय उत्पीडनबाट उत्पन्न हुने र बिधालय निरन्तरतामा परेको चरम आर्थिक कठिनाइले उनीहरूको जीवन निर्णयलाई आकार दिन्छ, उनीहरूको सामाजिक-सांस्कृतिक मान्यताहरूलाई निर्देशित गर्छ र अन्ततः उनीहरूको शिक्षाप्रतिको दृष्टिकोणलाई असर गर्छ भन्ने हामीले पायौं। बालविवाह, मदिरापानले

घरेलु हिंसा निम्त्याउँछ, र  किशोर र किशोरीहरूको शिक्षामा भिन्नतापूर्ण मनोवृत्तिले आफूलाई सीमित आर्थिक अवसरहरूको परिणामको रूपमा प्रस्तुत गर्दछ, जसले समुदायलाई बन्धक, श्रम र पुस्ता गरिबीमा फसेको छ।

**शिक्षामा पहुँचका लागि नीति र अभ्यासहरू:** संघिय, प्रादेशिक र स्थानीय तहका नीति, योजना, कार्यक्रमहरू र अभ्यासहरूले सबैभन्दा सीमान्तकृत बालिका/किशोरीहरूको शिक्षामा पहुँच सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्छन्। तर, बालिका र सीमान्तकृत समुदायलाई लक्षित गरी राष्ट्रिय स्तरका केही प्रावधान र प्रतिबद्धताहरू र बेटी बचाउ र बेटी पढाउ (Save Daughter and Teach Daughter)  जस्ता केही प्रादेशिक कार्यक्रमहरू बाहेक नगरपालिका र विद्यालयस्तरका प्रयासहरू प्रभावकारी रूपमा डिजाइन र कार्यान्वयन हुन सकेको छैन। बिधालय भर्ना अभियान र  घर-दैलो गतिविधिहरूले प्रभावकारी र अर्थपूर्ण रूपमा सीमान्तकृत मुसहर  किशोरीहरूलाई विद्यालय जान र समयावधिमा शिक्षामा पहुँच हासिल गर्न उत्प्रेरित गर्न सकेनन्।

**सुझावहरू**

मुसहर बालिकाहरूको शिक्षामा पहुँचलाई असर गर्ने यी जटिल समस्याहरूलाई सम्बोधन गर्न, हामी निम्न सिफारिसहरू प्रस्ताव गर्दछौं: (१) सरकार र विकास साझेदारहरूद्वारा मुसहरहरूको आर्थिक अवस्था उकास्नमा  लक्षित कार्यक्रमहरू, प्रत्यक्ष दीर्घकालीन लगानीको रूपमा मुसहर बालिकालाई शिक्षा; (२) सबैभन्दा जोखिममा परेका मुसहर किशोरीहरूका लागि विद्यालयहरूलाई सुरक्षित स्थानको रूपमा स्थापना गर्न लगानी बढाउने; (३) विद्यालय भर्ना तथा सरकारी कामको  पहुँचको लागि एक प्रमुख कागजात ( नागरिकता तथा जन्म दर्ता) विहीन मुसहर व्यक्तिहरूको लागि महत्त्वपूर्ण जन्म दर्ताको कागजात नहुँदा पनि विधालय भर्ना अवरोध नगर्ने; (४) मुसहर किशोरीहरूको शिक्षालाई पहुँच गर्न अन्तरक्रियात्मक तथा वैकल्पिक कार्यक्रमहरू लागु गर्ने।